# थाहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त सम्बन्धी ३० दिने बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/११/१५ गते

स्थानीय सरकार संञ्चालन ऐन, २०७४को परिच्छेद–३ दफा ११ को (घ) र आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ मा व्यवस्था भए बमोजिम थाहानगरपालिकाबाट बाहिर जाने तरकारी व्यवसाय कर उठाउन २०८०बैशाख देखि २०८० चैत्र मशान्त सम्मको लागि बोल पत्रबाट ठेक्का लगाउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म,कम्पनी,वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रहि रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । यस सम्बन्धी शर्तहरु बुझ्नु परेमा थाहा नगरपालिका खरिद ईकाई शाखामा सम्पर्क राख्न सकिने छ ।

शर्तहरु:

१. बोलपत्र शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक फर्म ,उद्योग, कम्पनीवा संस्थाहरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्रचालु आ.ब.को लागि नविकरण भएको फर्म दर्ता,प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र,मू.अ.कर दर्ता प्रमाण पत्रएवं आ.व. २०७८/७९को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि लिखित निवेदन पेश गरि तोकिए बमोजिमको राजस्व दस्तुर( फिर्ता नहुने गरि) बुझाई बोल पत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको बोलपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१औं दिनको १२.००बजे भित्र यस कार्यालयको नाममा सम्बोधनगरि बोलपत्रफाराम पेश गर्नेको नाम,ठेगाना,र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर विवरण खुलाई ठेक्का नं. समेत उल्लेख गरि यस कार्यालयको जिन्शी तथा खरिद ईकाई शाखा मातोकिएको समयभित्रै दर्ता गराईसक्नु पर्ने छ । सो सिलबन्दी दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्र दाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनीधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३.बोलपत्रकर्ताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धि कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

४.बोलपत्र साथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत (पाँचप्रतिशत) रकम यस कार्यालयको कृषि विकास बैंकको धरौटी खाता ०५०८४०११५५७३८०३०मा दाखिला गरेको सक्कलै बैंक भौचर संलग्न राख्नूपर्ने छ वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि ( Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond)संलग्न गरी पेश गर्नुपर्नेछ ।

५. गोप्य शिलबन्दी बोलपत्रमा आफूले कबुल गरेको अंक र अक्षर दुबै स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ, केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. गोप्य शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिमदिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ तर बोलपत्र खरिद गर्ने अन्तिम दिनलाई यो सुविधाहुने छैन ।

७. यो बोलपत्र सम्बन्धी कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन,२०६३ नियमावली,२०६४ तथा नेपाल सरकारका अन्य ऐन,नियमहरु बमोजिम हुनेछन् ।

८. पहिलो किस्ता बराबरको रकम दाखिला गरी बाँकी किस्ता रकम बराबरको **Performance Bond**गरेको बैंक ग्यारेन्टी ठेक्का अवधि भन्दा कम्तीमा १ महिना बढि समय सम्मको लागि राखेपछि मात्र शर्त कबुलियत गरिनेछ ।

९.बोलपत्र स्वीकृत गर्ने वानगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ । ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ,बोलपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा नगरपालिकाको स्टोर शाखामा आई बुझ्न सकिने छ ।

११. व्यवसाय हुने वस्तुको दररेट यस नगरपालिकाले तोके बमोजिम हुनेछ दररेट नगरपालिकाले उपलब्ध गराउने बोलपत्र फाराममा संलग्न हुनेछ ।

१२. ३० प्रतिशत रकम (अग्रीम दाखिला गरिएको ५% धरौटी समेत) बुझाउनु पर्नेछ ।बांकी रकम प्रथम किस्ता २५प्रतिशत २०८० अषाढ मशान्त दोश्रो किस्ता २५प्रतिशत २०८०कात्तिक मशान्त र अन्तिम किस्ता २०प्रतिशत २०८० फागुन मशान्त सम्म रकम नगरपालिकाको आन्तरिक आय खाता ०५०८४०११५५७३८१८९मा जम्मा गर्नु पर्ने छ ।

तपसिल:

| सूचना तथा ठेक्का नं. | विवरण | न्युनतम कबोल अंक | टेण्डर फारम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १/०७९/०८० | तरकारी व्यवसाय तथा जडिबुटी जन्य पदार्थ कर | ४६,६४,०००( भ्याट बाहेक) | रु.२०००/- | कबुल अंकको ५ प्रतिशत | |

१३.निकासी पैठारी हुने वस्तुको दर रेट सम्बन्धी विस्तृत विवरण थाहा नगरपालिकाको वेभसाइड **www.thahamun.gov.com.np** र सूचना पाटीमा हेर्न सकिनेछ ।

१५.शुल्क अशुलगर्दा प्रयोग गरिने रसिद ठेकदार आफैले तयार गरि न.पा.को छाप लगाई चलनगर्नु पर्ने छ ।

१६.बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र कबुलियत गरि चलनपुर्जी लिन नआएमा निजले राखेको धरौटी जफतगरि नियमानुसार घटिवाला संग ठेक्का सम्भौता गर्न सकिने छ ।

१७.मूल्यअभिवृद्धि कर (VAT ) ठेकेदार स्वयमंले व्यहोर्नु पर्ने छ भ्याट बापतको रकम बिलमा जोडी लिन पाईने छैन।साथै नगरपालिकाले उल्लेख गरेको दररेटमा कुनैपनि रकम थप गरि अशुल गर्न पाईने छैन ।

थाहा नगरपालिका

राजस्व शाखा